आज मिति २०८२ साल जेठ २९ गते बिहिबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | पार्वती |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री पुष्पकमल ओली
श्री उमा वि. ववाल
श्री सन्तोष सापकोटा

बरिष्ठ लेखा अधिकृत
योजना शाखा प्रमुख
ललपाल

## मिति २०८२/०२/२९ गतेको कार्यपालिकाको १६२ औं बैठकमा पेस भएका प्रस्तावहरु

<table>
<tr><th>क्र.स.</th><th>प्रस्ताव</th><th>निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रमको मिति निर्धारण सम्बन्धमा ।</td><td>आ.ब. २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट मिति २०८२/०३/०९ गते त्रिवेणी गाउँपालिकाको गाउँसभामा पेश गर्ने सम्बन्धमा ।</td><td></td></tr>
<tr><td>२</td><td>बजेट रकमान्तर सम्बन्धमा ।</td><td>पशु सेवा शाखा अन्तर्गत कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रमको लागि अपुग रकम तपशिल वमोजिम रकमान्तर गर्ने तथा थप रकम विनियोजन गर्ने सम्बन्धमा ।<br>तपशिल
<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>संशोधित कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्थानीय गाई संरक्षण तथा प्रोत्साहन कार्यक्रम</td><td>९००००।</td><td rowspan="3">कृषकको उत्पादन गाउँपालिकाको अनुदान</td><td rowspan="3">२२०००० तथा विनियोजन गर्नुपर्ने रु. १८००००।</td></tr>
<tr><td>२</td><td>पशुपन्छि विमा प्रिमियममा ५० प्रतिशत अनुदान कार्यक्रम</td><td>९००००।</td></tr>
<tr><td>३</td><td>पशु विकास समितिको वैठक</td><td>४००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td>विविध सम्बन्धमा ।</td><td>विविध सम्बन्धमा तपशिलका विषयमा छलफल गर्ने ।<br>तपसिल<br>१.वडा समितिको भेला मिति २०८२/०३/०२ गते सम्ममा टुंग्याउने।<br>२.विषयगत समितिको वैठक मिति २०८२/०३/०५ गते बस्ने ।<br>३.राजस्व समितिको वैठक मिति २०८२/०३/०५ गते बस्ने ।<br>४. गाउँसभामा पेश गर्ने नीति तथा कार्यक्रमको कार्यपालिकाबाट स्वीकृत गर्नको लागि आगामि कार्यपालिका मिति २०८२/०३/०६ गते बस्ने ।</td><td></td></tr>
</table>

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
2082/02/29

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपल, सल्यान
कर्णाली प्रदेश, नेपाल

निर्णयहरु

निर्णय नं. -१. प्रस्ताव नं.१ माथी छलफल गर्दा, आ.ब. २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट मिति २०८२/०३/०९ गते त्रिवेणी गाउँपालिकाको गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय नं. -२. प्रस्ताव नं.२ माथी छलफल गर्दा, पशु सेवा शाखा अन्तर्गत कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रमको लागि अपुग रकम तपशिल वमोजिम रकमान्तर गर्ने तथा थप रकम विनियोजन गर्ने सम्बन्धमा ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | रकम | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | स्थानीय गाई संरक्षण तथा प्रोत्साहन कार्यक्रम | ९००००। | १.कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम | स्थानीय गाई संरक्षण, पशुपन्छि विमा प्रिमियम, पशु विकास समितिको बैठक शिर्षकबाट रु.२२०,००० तथा विभिन्न ठेक्काबाट वच्न गएको रकमबाट विनियोजन गर्ने रु. १८००००। गरी जम्मा रु.४ लाख मात्र । |
| २ | पशुपन्छि विमा प्रिमियममा ५० प्रतिशत अनुदान कार्यक्रम | ९००००। | | |
| ३ | पशु विकास समितिको बैठक | ४००००। | | |

निर्णय नं. -३. प्रस्ताव नं.३ माथी छलफल गर्दा, विविध विषय अन्तर्गत तपसिल वमोजिमको निर्णय गरियो ।

१.वडा समितिको भेला मिति २०८२/०३/०२ गते सम्ममा टुंग्याउने।

२.वडा समिति तथा शाखाबाट पेश भएको नीति तथा कार्यक्रम तथा बजेटको एकिकृत ड्राफ्ट माथि छलफल गरी अन्तिम रुप दिन विषयगत समितिको बैठक मिति २०८२/०३/०५ गते बस्ने ।

३.आन्तरिक राजस्वका स्रोत तथा आगामि आ.ब. को राजस्वका दर सम्बन्धमा छलफल गरी आर्थिक विधेयक तयार गर्न राजस्व समितिको बैठक मिति २०८२/०३/०५ गते बस्ने ।

४. गाउँसभामा पेश गर्ने नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गर्नको लागि आगामि कार्यपालिका मिति २०८२/०३/०६ गते बस्ने ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

५. मानव सेवा आश्रम तुल्सिपुर दाङमा त्रिवेणी गाउँपालिकाबाट सडकपेटी एवं सार्वजनिक स्थलमा विभिन्न समयमा मिति २०८०/११/०९ गते आमा बाटुली शाहु र छोरा बाबुराम शाहु तथा २०८०/०१/१० गते कमली वि.क भेटिइ निजहरुलाई मानव सेवा आश्रम तुल्सिपुर दाङको समन्वयमा उद्धार गरी सेवा आश्रममा उहाँहरु रहिरहेको हुदा निजहरुको स्वास्थ्य उपचार तथा खाना लत्ता कपडा व्यवस्थापन गर्नको लागि मानव सेवा आश्रमलाई रु.२५ हजार आर्थिक सहायता उपलब्ध गराउने ।

६.शिद्ध आ.बि.त्रिवेणी गा.पा. ४ चैतेडाँडामा मिति २०६९।१२।३० मा नै कक्षा ८ सञ्चालन गर्ने अनुमति दिइएकोमा शैक्षिक शत्र वि.स.२०७४ मा विद्यार्थी संख्याको अभावका कारणले कक्षा ५ सम्म मात्र सञ्चालन गरिएको भएतापनि हाल शैक्षिक शत्र वि.स. २०८२ मा कक्षा ६ सम्म ८१ जना विद्यार्थी भई विद्यार्थीको चाप बढेको र विद्यालयले आफ्नै स्रोतबाट करारमा शिक्षक व्यवस्थापन गरी कक्षा ६ सञ्चालन गर्ने निर्णय गरेको हुँदा यसअघि नै प्रदान गरिएको अनुमतिलाई निरन्तरता दिने गर्ने ।

७.त्रिवेणी गाउँपालिकाको स्थानीय भू उपयोग परिषदबाट मिति २०८२/०२/२९ गते पारित भएको त्रिवेणी गाउँपालिकाको भु उपयोग क्षेत्र वर्गिकरण एवं कित्तागत विवरण स्थानीय भू उपयोग परिषदबाट स्वीकृत भए वमोजिम हुने गरि प्रमाणिकरण गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमाणित

२०८२/०२/२९

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत